पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
☏:067-411101
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
: www.paiyunmun.gov.np

प.सः २०८२/०८३
च.नं :

मितिः २०८२।०९।१६

## गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गर्ने सम्बन्धी सूचना !!

प्रस्तुत विषयमा पैयूँ गाउँपालिकाको पहिचान, ऐतिहासिकता, जनजीवन, भूगोल, सांस्कृतिक चिनारी तथा विशिष्ट विशेषता झल्कने प्रतीक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ मिति २०८२/०९/१४ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार गाउँपालिकाको लोगो निर्माण गर्न इच्छुक व्यक्ति तथा संस्थाहरूले तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही लोगो डिजाइन गरी सोको **e-copy** गाउँपालिकाको इमेल ठेगाना **info@paiyunmun.gov.np** मा वा कार्यालयमा यस सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र पेश गर्नुहुन यसै सूचनामार्फत जानकारी गराइन्छ।

तपशिलः

१) लोगोमा गाउँपालिकाको नाम तथा राष्ट्रिय झण्डा अनिवार्य रूपमा समावेश भएको हुनुपर्नेछ।
२) लोगोमा गाउँपालिकाको पहिचान, ऐतिहासिकता, जनजीवन, भूगोल, सांस्कृतिक चिनारी एवं विशिष्ट विशेषता स्पष्ट रूपमा झल्कनुपर्नेछ।
३) लोगोमा प्रयोग गरिएका संकेत तथा चिन्हहरूको संक्षिप्त व्याख्या अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ।
४) लोगोमा कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमसत्ता, राष्ट्रिय एकता तथा अखण्डतामा प्रतिकूल असर पार्न सक्ने संकेत प्रयोग गर्न पाइने छैन।
५) लोगो कम्तीमा 300 dpi resolution भएको JPEG format मा हुनुपर्नेछ तथा डिजिटल स्वरूपमा उपलब्ध गराउनु पर्नेछ।
६) लोगोको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँकार्यपालिकाद्वारा गठित मूल्याङ्कन तथा छनोट सिफारिस समितिमा निहित रहनेछ। स्वीकृत लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र निर्माणकर्ताले अन्यत्र प्रयोग गर्न पाउने छैन।
७) लोगो निर्माण गर्दा मौलिकता र सृजनात्मकतालाई विशेष ध्यान दिनुपर्नेछ।
८) मूल्याङ्कन तथा छनोट सिफारिस समितिबाट प्राप्त निर्देशन अनुसार आवश्यक परिमार्जन गर्न आग्रह गरिएमा सो बमोजिम परिमार्जन गर्नुपर्नेछ। ।
९) मूल्याङ्कन तथा छनोट सिफारिस समितिले प्राप्त लोगो उपयुक्त ठहर नगरेमा पुनः लोगो निर्माणका लागि सूचना आह्वान गर्न सकिनेछ।
१०) लोगो पेश गर्दा निर्माणकर्ताले अनिवार्य रूपमा आफ्नो नागरिकताको छायाँप्रति संलग्न गर्नुपर्नेछ। ।
११) छनोट भएको लोगोको निर्माणकर्तालाई कर सहित रु. २५,०००/- पुरस्कार रकम तथा प्रशंसा पत्र प्रदान गरिनेछ।
१२) तोकिएको म्याद समाप्त भएपछि प्राप्त लोगो डिजाइनहरू प्रतिस्पर्धामा समावेश गराइने छैन।
१३) यस सम्बन्धी थप जानकारीका लागि गाउँपालिकामा उपस्थित भई वा सम्पर्क नं. ९८५७६२०५४३ मा सम्पर्क गर्न सकिनेछ।

जिवन गैरे
**प्रमुख प्रशासकीय अधिकृत**